नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
(योजना शाखा)
फोन ४२००३०९ ४२००२८१

अत्यन्त जरुरी

पत्र संख्या:- यो।०७२।७३

चलानी नं.:- ३६६

मिति : २०७२/९/१७

**विषय : कार्यक्रम फरक परेको सम्बन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय, (सबै)**
.......................... ।

प्रस्तुत विषय,साविकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतबाट संचालित **आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक कार्यक्रम** चालु आ.व. देखि यस मन्त्रालय अन्तर्गत हस्तान्तरण भै आएको कार्यक्रम हो । सो कार्यक्रमको दुई खण्ड मध्ये **आर्थिक केन्द्र जोड्ने सडक**को हकमा बजेट सिलिङ्ग जिल्लामा नै पठाई सम्बन्धित जिल्लाले नै छनोट गरी पठाएका योजनाहरु LMBIS मा Entry गरी वार्षिक कार्यक्रम तर्जुमा गरिएको र **दुई जिल्ला जोड्ने सडक**हरुको हकमा चालु आ.ब.को बजेट तर्जुमाको अन्तिम समयमा मात्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट योजनाहरुको सूची सहित कार्यक्रम हस्तान्तरण भै आएको र LMBIS मा Entry गर्ने क्रममा जिल्लागत विवरण भिडान गरी रुजु गर्ने समयाभावका कारण कतिपय सडकहरुको नाम र जिल्ला फरक परेको देखिएको हुँदा कार्यक्रमको अख्तियारी पठाउने कार्यमा कठिनाई भएको छ । उक्त कार्यक्रम अन्तर्गत ७५ वटै जिल्लाका योजनाहरुको सूची मन्त्रालयको Website मा समेत राखिएको हुँदा आवश्यक व्यहोरा त्यहाँबाट समेत अवगत गर्नु भई आफ्नो जिल्लाको सडक अन्य जिल्लाको सूचीमा समावेश भएको वा अन्य जिल्लाको सडक आफ्नो जिल्लामा समावेश भएको देखिएमा सो को स्पष्ट विवरण ७ (सात) दिन भित्र अनिवार्य रुपमा मन्त्रालयको योजना शाखामा Hard copy वा स्क्यान गरेर इमेल planning@mofald.gov.np मार्फत उपलब्ध गराईदिनु हुन मिति २०७२।९।१६ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

(छवि रिजाल)
उप-सचिव

**बोधार्थ :**
श्री राष्ट्रिय योजना आयोगको सचिवालय,
(कृषि तथा ग्रामीण विकास महाशाखा)
सिंहदरवार ।
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
क्षेत्रीय समन्वय इकाई धुलिखेल, हेटौडा, विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढी । *(उपरोक्त अनुसार सबै जिल्लाहरुसँग यथासिघ्र समन्वय गरी विवरण उपलब्ध गराउने काममा सहयोग गर्नुहुन ।)*
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार । *(उल्लेखित पत्र Website मा राखिदिनुहुन ।)*

D:\Letters\072.73\A4.doc